# सहकारी संस्थाको साधारण सभा (कार्यव्यवस्था) निर्देशिका, २०८२

<u>प्रस्तावनाः-</u> सदस्यको लोकतान्त्रिक नियन्त्रणको सहकारी सिद्धान्त अनुरूप सहकारी संस्थाको साधारण सभाको बैठकको आयोजना, कार्यप्रणाली र निर्णय प्रमाणीकरणका प्रक्रियाहरू निर्धारण गर्नु वाञ्छनीय भएकाले,

मायादेवी गाउँपालिकाको सहकारी ऐन, २०७४ को दफा १०१ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मायादेवी गाउँपालिकाले यो निर्देशिका बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सहकारी संस्थाको साधारण सभा ( कार्यव्यवस्था) निर्देशिका, २०८२" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा,

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ र सो शब्दले विनियम बमोजिम अध्यक्षको कार्य गर्न अख्तियारीप्राप्त उपाध्यक्ष वा अन्य सञ्चालकसमेतलाई जनाउनेछ।

(ख) "अध्यक्षता गर्ने व्यक्ति" भन्नाले बैठकको अध्यक्षता गर्ने व्यक्ति सम्झनु पर्छ।

(ग) "एकीकृत व्यवस्थापन सूचना प्रणाली" भन्नाले विभागले स्थापना गरेको इन्टरनेट सञ्चार प्रविधिमा आधारित सहकारी तथा गरिबीसम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोअपरेटिभ एन्ड पोभर्टि - रिलेटेड मेनेजमेन्ट इन्फर्मेसन सिस्टम (कोपोमिस) सम्झनु पर्छ।

(घ) "ऐन" भन्नाले मायादेवी गाउँपालिकाको सहकारी ऐन, २०७४ सम्झनु पर्छ।

(ङ) "कार्यसूची" भन्नाले बैठकको कार्यसूची सम्झनु पर्छ।

(च) “नियमनकारी निर्देशन” भन्नाले नियामक निकायले दिएको निर्देशन सम्झनु पर्छ र सो शब्दले मन्त्रालय, प्रदेश मन्त्रालय वा नेपाल राष्ट्र बैङ्कले दिएको निर्देशनसमेतलाई जनाउनेछ।

(छ) “नियमावली” भन्नाले मायादेवी गाउँपालिकाको सहकारी नियमावली, २०७८ सम्झनु पर्छ।

(ज) “नियामक निकाय” भन्नाले मायादेवी गाउँपालिकाको कार्यालय सम्झनु पर्छ।

(झ) “प्रतिवेदन” भन्नाले ऐन, नियमावली, विनियमको व्यवस्थाबमोजिम समिति, लेखा सुपरिवेक्षण समिति वा साधारण सभाबाट गठन गरिएको अन्य कुनै समिति वा उपसमितिले सम्पादन गरेको कार्यका सम्बन्धमा दिएको विवरण सम्झनु पर्छ र सो शब्दले लेखापरीक्षण प्रतिवेदनसमेतलाई जनाउनेछ।

(ञ) “प्रश्न” भन्नाले सहकारी संस्थाको काम कारोबारका सम्बन्धमा सदस्यले अध्यक्ष, लेखा सुपरिवेक्षण समिति वा उपसमितिका संयोजक, साधारण सभाबाट गठन गरिएको अन्य कुनै समिति वा उपसमितिका संयोजक, संस्थागत प्रतिनिधि, लेखापरीक्षक वा व्यवस्थापकसमक्ष मागेको सत्यतथ्यको जानकारी, गरिएको वा नगरिएको कार्यविशेषको कारण वा गरिएको वा नगरिएको निर्णयविशेषको औचित्य सम्झनु पर्छ।

(ट) “प्रस्ताव” भन्नाले बैठकको विचारार्थ पेश गरिएको कुनै विषयको संक्षिप्त व्यहोरासहितको निर्णयको प्रारूप सम्झनु पर्छ र सो शब्दले विरोध वा संशोधनको प्रस्तावसमेतलाई जनाउनेछ।

(ठ) “प्रस्तुतकर्ता सदस्य” भन्नाले समितिको तर्फबाट पेश हुने प्रस्तावको सम्बन्धमा अध्यक्ष वा कुनै सञ्चालक, लेखा सुपरिवेक्षण समिति वा साधारण सभाबाट गठित समिति वा उपसमितिको तर्फबाट पेश हुने प्रस्तावको सम्बन्धमा लेखा सुपरिवेक्षण समिति वा सम्बन्धित समिति वा उपसमितिको संयोजक वा कुनै सदस्य र संस्थागत प्रतिनिधि वा सदस्यको तर्फबाट प्रस्तुत हुने प्रस्तावको सम्बन्धमा सम्बन्धित संस्थागत प्रतिनिधि वा सदस्य सम्झनु पर्छ र सो शब्दले प्रतिवेदन प्रस्तुतकर्ता सदस्यसमेतलाई जनाउनेछ।

(ड) “बैठक” भन्नाले साधारण सभाको बैठक सम्झनु पर्छ।

(ढ) “लेखापरीक्षक” भन्नाले ऐनको दफा ५५ को उपदफा (१) वा दफा ५४ को उपदफा (२) बमोजिम सहकारी संस्थाको लेखापरीक्षण गर्न नियुक्त भएको लेखापरीक्षक सम्झनु पर्छ।

(ण) “लेखापरीक्षण प्रतिवेदन” भन्नाले लेखापरीक्षकले सहकारी संस्थामा दिएको प्रतिवेदन सम्झनु पर्छ।

(त) “संस्थागत प्रतिनिधि” भन्नाले सहकारी संस्थाको तर्फबाट सङ्घ वा सहकारी बैङ्कमा प्रतिनिधित्व गर्ने सदस्य सम्झनु पर्छ र सो शब्दले त्यसरी प्रतिनिधित्व गर्ने सञ्चालक वा अन्य कुनै पदमा रहेको सदस्यसमेतलाई जनाउनेछ।

(थ) “सुझाव” भन्नाले साधारण सभाको बैठकमा उपस्थित सदस्यले सहकारी संस्थाको काम कारोबारमा गरिएको वा गर्नुपर्ने व्यवस्थाका सम्बन्धमा बैठक वा व्यवस्थापनको अन्य कुनै अङ्गको विचारार्थ व्यक्त गरेको अभिमत, राय वा प्रतिक्रिया सम्झनु पर्छ र सो शब्दले साधारण सभाको अघिल्लो एकाइ बैठकमा ग्रहण गरिएको सुझाव समेतलाई जनाउनेछ।

## परिच्छेद-२
## बैठक आयोजना

३. **मिति, समय र स्थान तोक्नेः-** (१) समितिले साधारण सभाको बैठक बस्ने कम्तीमा तीस दिनअगावै मिति, समय र स्थान तोक्नुपर्नेछ।

४. **कार्यसूची निर्धारणः-** (१) दफा ३ बमोजिम साधारण सभाको बैठक बस्ने मिति, समय र स्थान तोक्दा समितिले बैठकको कार्यसूचीसमेत निर्धारण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यसूची निर्धारण गर्दा देहायका कुरा विचार गर्नुपर्नेछः-

(क) कार्यसूचीको प्रत्येक विषय विशेषको शीर्षक दिनुपर्ने,

(ख) एउटा शीर्षकमा एक मात्र विषय पर्नुपर्ने,

(ग) कार्यसूचीमा समितिका तर्फबाट अध्यक्षले पेश गर्ने गरी विविध, अन्य कुनै विषय वा विषय प्रस्ट नखुलेको त्यस्तै प्रकारको शीर्षक समावेश गर्न नहुने,

(घ) ऐनको दफा २६, २७ वा अन्यत्र उल्लिखित विषयका साथै नियमावली र संस्थाको विनियमबमोजिम साधारण सभाको विचारार्थ पेश गर्नुपर्ने विषयहरू कार्यसूचीमा नछुटाउने,

(ङ) देहायका शीर्षक नित्य कार्यसूचीमा समावेश गर्नुपर्नेः-

(१) समिति, लेखा सुपरिवेक्षण समिति वा साधारण सभाबाट गठित अन्य समिति वा उपसमिति वा संस्थागत प्रतिनिधिको तर्फबाट पेश हुने बाहेक प्रस्तुतकर्ता सदस्यले पेश गर्ने प्रस्तावको विषयक;

(२) नियमनकारी निर्देशनको जानकारीको विषयक;

(३) ऐनको दफा २८ को उपदफा (३) को खण्ड (ख) बमोजिमको विशेष साधारण सभा भए ऐनको दफा ३८ को उपदफा (१) को खण्ड (छ) र ऐनको दफा २८ को उपदफा (३) को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको विशेष साधारण सभा भए ऐनको दफा ३८ को उपदफा (१) को खण्ड (क) अनुरूपको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन विषयक;

(४) संस्थागत प्रतिनिधिको जानकारीको विषयक र

(५) प्रश्न वा सुझावको विषयक।

(३) निर्वाचनको कार्यसमेत गर्ने गरी साधारण सभा आयोजना गर्दा नियमित कार्यसूचीका विषयउपर बैठकको कारवाही सकिएको भोलिपल्ट निर्वाचनको कार्यसूची राख्नु पर्नेछ। तर पर्याप्त समय रहने अवस्थामा नियमित कार्यसूचीका विषय उपर बैठकको कारवाही सकिएकै दिन निर्वाचनको कार्यसूची राख्न बाधा पर्ने छैन।

(४) साधारण सभाको बैठकमा निर्वाचनको कार्यसमेत समावेश हुनेमा समितिले दफा ५ को उपदफा (१) बमोजिमको निर्वाचन उपसमितिसँग परामर्श गरी कार्यसूची स्वीकृत गर्नुपर्नेछ।

५. **निर्वाचन कार्यसूचीको एकीकरणः** (१) समितिले दफा ३ बमोजिम साधारण सभाको बैठकको मिति, समय र स्थान तोक्नुअगावै विनियमबमोजिम गरी निर्वाचन उपसमिति गठन गर्नु पर्नेछ।

तर स्वयम् उम्मेदवार हुन चाहने व्यक्ति निर्वाचन उपसमितिमा बस्न हुँदैन।

(२) संस्थाले समितिको निर्णयसहित माग गरी नियामक निकायबाट प्रतिनिधि खटाइएकोमा नियामक निकायको प्रतिनिधिले नै सामान्यतया निर्वाचन उपसमितिको संयोजकको रूपमा काम गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम नियामक निकायबाट प्रतिनिधि माग नगरिएको वा गरिएको भए तापनि नियामक निकायबाट प्रतिनिधि नखटाइएकोमा समितिले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा कार्यरत कर्मचारी, विद्यालयका बहालवाला स्थायी शिक्षक वा नेपाल बार

एसोसियसनको सदस्य रहेको कानून व्यवसायीलाई निर्वाचन उपसमितिको संयोजक नियुक्त गर्न सक्नेछ । तर संस्थाको कानूनी सल्लाहकार वा वर्तमान समितिको कार्यावधिमा संस्था पक्ष वा विपक्ष भएको मुद्दाको पक्ष वा विपक्षमा बहसमा संलग्न रहेको कानून व्यवसायीलाई निर्वाचन उपसमितिको संयोजकमा नियुक्त गर्न हुदैन।

निर्वाचन उपसमितिले दफा ४ को उपदफा (३) बमोजिम कार्यसूचीसँग तादम्यता राखी अनुसूची १ को ढाँचामा निर्वाचन कार्यक्रम प्रकाशन गर्नुपर्नेछ।

६. **समितिको बैठकमा आमन्त्रित गर्नुपर्नेः-** अध्यक्षले साधारण सभाको बैठकको तालिका वा कार्यसूचीमा विचार गर्न डाकिएको समितिको बैठकमा संस्थागत प्रतिनिधिका साथै लेखा सुपरिवेक्षण समिति, निर्वाचन उपसमिति र अन्य उपसमितिका संयोजक तथा सदस्यहरूलाई आमन्त्रित गर्नुपर्नेछ।

तर त्यसरी आमन्त्रित गरिएको संस्थागत प्रतिनिधि, संयोजक वा सदस्य अनुपस्थित भएकै कारणले समितिको बैठक राख्न बाधा पर्ने छैन।

७. **प्रस्ताव दर्ता गर्ने सूचनाः-** (१) दफा ४ बमोजिम कार्यसूची निर्धारण गरिएको तीन दिनभित्र समितिले साधारण सभाको बैठकमा सोही दफाको उपदफा (२) को खण्ड (ङ) को उपखण्ड (१) बमोजिमको प्रस्ताव राख्न इच्छुक सदस्यहरूलाई कम्तीमा ७ दिनको म्याद दिई प्रस्ताव दर्ता गर्न सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचनामा देहायको व्यहोरा खुलाउनु पर्नेछः-

(क) प्रस्ताव दर्ता गर्न सकिने स्थान, अवधि र समय,

(ख) प्रस्तावको किसिमअनुसार प्रस्ताव दर्ता गर्न निश्चित सङ्ख्यामा प्रस्तावक र समर्थक आवश्यक हुनेमा त्यस्तो सङ्ख्या,

(ग) समितिबाट प्रस्तावको ढाँचा स्वीकृत भएको भए सोही ढाँचा बमोजिम प्रस्ताव पेश गर्नुपर्ने व्यहोरा र

(घ) प्रस्ताव दर्तासम्बन्धी अन्य आवश्यक जानकारी ।

(३) प्रस्ताव दर्ता गर्ने सूचना सहकारी संस्थाको सूचना पाटीमा टाँस गर्नुका साथै यथाशक्य राष्ट्रिय वा स्थानीय पत्रपत्रिका, एसएमएस, एफएम रेडियोलगायतका सञ्चारका बहुमाध्यमबाट प्रसार गर्नु पर्नेछ।

८. **कार्यसूचीमा समावेश गर्नेः-** (१) अध्यक्षले दफा ७ बमोजिमको रीत पुर्याई दर्ता हुन आएको प्रस्ताव दफा ४ को उपदफा (२) को खण्ड (ङ) को उपखण्ड (१) अन्तर्गत कार्यसूचीमा समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यसूचीमा प्रस्ताव समावेश गरिएको व्यहोराको जानकारी सम्बन्धित सदस्यलाई दिनुपर्नेछ।

९. **औपचारिकतामा अधिक समय खर्च गर्न नहुने:-** साधारण सभाको बैठकका लागि निर्धारित समय उद्घाटनलगायतको औपचारिकतामा अधिक खर्च नगरी कार्यसूचीमा रहेका विषयहरूमा छलफलका लागि छुट्ट्याउनु पर्नेछ।

१०. **साधारण सभाको बैठकको सूचना:-** (१) दफा ३ बमोजिम साधारण सभाको बैठक आयोजना तालिका स्वीकृत गरेलगत्तै समितिले यथाशक्य पत्रसमेत पठाएर राष्ट्रिय वा स्थानीय पत्रपत्रिकामा, एसएमएस, एफएम रेडियोलगायतका सञ्चारका बहुमाध्यम उपयोग गरी तत्सम्बन्धमा सबै सदस्यहरूलाई सूचना दिने व्यवस्था मिलाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सूचना दिँदा कार्यसूचीसमेत राखी र कार्यसूची नराखिएकोमा कार्यसूची कहाँ, कसरी हेर्न सकिन्छ ? भन्ने खुलाउनु पर्नेछ।

(३) लेखापरीक्षक र निर्वाचन उपसमितिका संयोजक तथा सदस्यहरूलाई पत्रबाट समेत समयमै साधारण सभाको बैठकको मिति, समय र स्थानसमेत खुलाई कार्यसूचीको जानकारी दिनुपर्नेछ।

११. **नियामक निकायमा जानकारी पठाउनुपर्ने:-** (१) संस्थाले दफा १० को उपदफा (१) बमोजिम सदस्यहरूलाई सूचना जारी गरिएको तीन दिनभित्र त्यस्तो सूचनाको विस्तृत प्रतिसमेत संलग्न राखी साधारण सभाको बैठकको मिति, समय र स्थानका साथै कार्यसूची समेत जानकारीको लागि नियामक निकायमा पठाउनु पर्नेछ।

(२) संस्थाले उपदफा (१) बमोजिमको सूचनाको प्रति एकीकृत व्यवस्थापन सूचना प्रणालीमा सम्प्रेषण गरेको भएमा पनि नियामक निकायमा जानकारी पठाएको मानिनेछ।

१२. **दर्ता गर्ने अधिकारीले साधारण सभाको बैठक बोलाउँदाको प्रक्रिया:-** (१) ऐनको दफा २९ को उपदफा (३) तथा संस्थाको विनियम र यस निर्देशिकाका व्यवस्थाबमोजिम समितिले गर्ने कार्यहरू दर्ता गर्ने अधिकारीले गर्नेछ।

(२) दफा ५ वा संस्थाको विनियममा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) बमोजिम बोलाइएको साधारण सभामा ऐनको दफा ३१ को उपदफा (४) बमोजिम निर्वाचनको कार्यसूचीसमेत समावेश भएकोमा दर्ता गर्ने अधिकारीले सहकारी संस्था सदस्य रहेको माथिल्लो सङ्घ भए सो सङ्घको प्रतिनिधिलाई समावेश गरी उपयुक्तताका आधारमा निर्वाचन उपसमिति गठन गर्न सक्नेछ।

# परिच्छेद-३
# बैठकको कार्यप्रणाली

**१३. बैठकको अध्यक्षताः-** (१) साधारण सभाको बैठकको अध्यक्षता अध्यक्षले, निजको अनुपस्थितिमा समितिको उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सञ्चालकमध्ये ज्येष्ठ सञ्चालकले गर्नुपर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा २९ को उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीले बोलाएको साधारण सभाको बैठकको अध्यक्षता दर्ता गर्ने अधिकारी वा निजहरुबाट अधिकारप्राप्त अधिकारीले गर्नेछ।

**१४. साधारण सभाको गणपूरक सङ्ख्याः-** ऐनको दफा २९ को उपदफा (४) बमोजिम गणपूरक सङ्ख्या पुग्नुपर्नेछ।

**१५. प्रतिवेदन पेश गर्नेः-** (१) अध्यक्षता गर्ने व्यक्तिले कार्यसूचीको यथाक्रममा प्रस्तुतकर्ता सदस्य र लेखापरीक्षकलाई प्रतिवेदन पेश गर्न समय दिएर तत्सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) प्रत्येक प्रतिवेदन पेश भएलगत्तै त्यस्तो प्रतिवेदनमा प्रश्न वा सुझाव राख्नका लागि सत्र खुला गर्ने,

(ख) खण्ड (क) बमोजिम प्रतिवेदनमा प्रश्न वा सुझाव राख्ने क्रम सकिएपछि प्रतिवेदन प्रस्तुतकर्ताका तर्फबाट प्रश्नको जवाफ वा सुझावमा प्रतिक्रिया दिन लगाउने र

(ग) खण्ड (ख) बमोजिम जवाफ वा सुझावमा प्रतिक्रिया दिने क्रममा प्रतिवेदन प्रस्तुतकर्ताको तर्फबाट सच्याउन वा ग्रहण गर्न सम्मति जनाइएको विषयवस्तुको व्यहोरा निर्णयमा पार्ने गरी प्रतिवेदन पारित गर्ने विषयको प्रस्ताव निर्णयार्थ पेश गर्ने ।

(२) अध्यक्षले नै अध्यक्षता गरेको बैठकमा उपाध्यक्ष वा अन्य सञ्चालकले अध्यक्षका तर्फबाट समितिको प्रतिवेदन पेश गर्न सक्नेछ।

तर आफूले अध्यक्षता गरेको बैठकमा अध्यक्ष स्वयम्ले नै समितिको प्रतिवेदन पेश गर्न बाधा पर्ने छैन।

(३) कुनै कारणवश लेखापरीक्षक बैठकमा उपस्थित हुन नसकेकोमा लेखापरीक्षण प्रतिवेदन लेखा सुपरिवेक्षण समितिका तर्फबाट पेश गर्ने व्यवस्था मिलाउनुपर्नेछ।

१६. **सम्पत्ति शुद्धीकरण निवारणतर्फका कार्यहरूको कार्यान्वयन अवस्था खुलाउनुपर्नेः-** साधारण सभाको बैठकमा समितिको तर्फबाट अध्यक्षले पेश गर्ने प्रतिवेदनमा विभागबाट सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी सहकारी सङ्घसंस्थालाई जारी गरिएको निर्देशन, २०७४ मा भनिए बमोजिमका कार्यहरूको कार्यान्वयन अवस्था खुलाउनुपर्नेछ।

१७. **प्रस्ताव पेश गर्नेः-** (१) अध्यक्षता गर्ने व्यक्तिले कार्यसूचीको यथाक्रममा प्रस्तुतकर्ता सदस्यलाई प्रस्ताव पेश गर्न समय दिएर तत्सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछः-

(क) प्रत्येक प्रस्ताव पेश भएलगत्तै इच्छुक सदस्यलाई त्यस्तो प्रस्तावमा विरोध जनाउन वा संशोधन पेश गर्नका लागि समय दिने,

(ख) प्रस्ताव, विरोध वा संशोधनका सम्बन्धमा सदस्यहरूले सुझाव राख्न सत्र खुला गर्ने,

(ग) खण्ड (ख) बमोजिम सदस्यहरूले सुझाव राख्ने क्रम सकिएपछि विरोधकर्ता, संशोधनकर्ता र प्रस्तुतकर्ता सदस्यलाई क्रमशः आफ्नो विचार राखी विरोध, संशोधन वा प्रस्ताव फिर्ता लिन समय दिने र

(घ) खण्ड (ग) बमोजिम फिर्ता नलिएको विरोध, संशोधन र प्रस्ताव क्रमशः निर्णयार्थ पेश गर्ने ।

(२) अध्यक्षले नै अध्यक्षता गरेको बैठकमा समितिको तर्फबाट उपाध्यक्ष वा अन्य सञ्चालकले प्रस्ताव पेश गर्न सक्नेछ।

तर आफूले अध्यक्षता गरेको बैठकमा अध्यक्ष स्वयंले नै समितिको तर्फबाट प्रस्ताव पेश गर्न बाधा पर्नेछैन।

१८. **प्रतिवेदन वा प्रस्ताव पेश गर्नुपर्नेः-** प्रस्तुतकर्ता सदस्य वा लेखापरीक्षकले बैठकमा पेश गरेको प्रतिवेदन वा प्रस्ताव अध्यक्षता गर्ने व्यक्तिले तोकेबमोजिम पेश गर्नुपर्नेछ।

१९. **प्रश्न गर्ने वा सुझाव राख्नेः-** (१) अध्यक्षता गर्ने व्यक्तिले कार्यसूचीको यथाक्रममा सदस्यलाई प्रश्न गर्न वा सुझाव राख्न समय दिनुपर्नेछ।

(२) प्रश्न वा सुझाव लिखित वा मौखिक दुवै रूपमा राख्न सकिने व्यवस्था मिलाउनु पर्नेछ।

(३) अध्यक्षता गर्ने व्यक्तिले प्रत्येक प्रश्न वा सुझावका सम्बन्धमा सम्भव भएसम्म सदस्यले चाहेबमोजिम आफै वा सम्बन्धित अन्य पदाधिकारीबाट जवाफ वा प्रतिक्रिया दिनु वा दिलाउनु पर्नेछ।

२०. **सुझाव ग्रहण गरियोस् भन्ने विषयको प्रस्ताव राख्न सक्नेः-** (१) दफा १९ बमोजिम कुनै सदस्यले राखेको सुझावका सम्बन्धमा अध्यक्षता गर्ने व्यक्ति वा सम्बन्धित प्रतिनिधिले प्रतिक्रिया व्यक्त गरेपछि सुझावदाता सदस्यबाहेकको कुनै सदस्यले त्यस्तो सुझाव बैठकबाट ग्रहण गर्न उपयुक्त छ भन्ने देखेमा ग्रहण गरियोस् भन्ने प्रस्ताव राख्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव राखिएकोमा अध्यक्षता गर्ने व्यक्तिले बैठकको राय बुझि कम्तीमा अरू तीन जना सदस्यको समर्थन देखिएमा त्यस्तो प्रस्तावलाई निर्णयार्थ पेश गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निर्णयार्थ पेश गरिएको प्रस्ताव पारित भएको खण्डमा ग्रहण गरिएको सुझावलाई साधारण सभाको निर्देशनको रूपमा लिनुपर्नेछ।

२१. **प्रस्ताव पारित गर्ने विधिः-** (१) अध्यक्षता गर्ने व्यक्तिले साधारण सभाको बैठकमा निर्णयार्थ पेश गरेको प्रस्ताव पारित गर्दा देहायको विधि अपनाउनुपर्नेछः-

(क) प्रस्तावको पक्षमा हुने सदस्यलाई "हुन्छ" र विपक्षमा हुने सदस्यलाई "हुन्न" भन्न लगाएर जतापट्टिको स्वर बढी सुनिन्छ सोही बमोजिम निर्णय सुनाउने,

(ख) खण्ड (क) बमोजिम सुनाइएको निर्णयमा कम्तीमा तीन जना सदस्यले असहमति जनाएको खण्डमा प्रस्तावको पक्षमा हुने सदस्य, विपक्षमा हुने सदस्य र तटस्थ बस्ने सदस्यलाई क्रमशः हात उठाउन वा उभिन लगाएर गनिएको सङ्ख्याअनुसार जतापट्टिको मत बढी हुन्छ सोही बमोजिम निर्णय सुनाउने,

(ग) खण्ड (ख) बमोजिम सुनाइएको निर्णयमा बैठकमा उपस्थित सदस्यको कम्तीमा पन्ध्र प्रतिशतले असहमति जनाएको खण्डमा प्रस्तावको पक्षमा हुने सदस्य, विपक्षमा हुने सदस्य र तटस्थ बस्ने सदस्यलाई बैठक कक्ष वा स्थलको तोकिएको स्थानमा विभाजनको आदेश दिएर गनिएको सङ्ख्याअनुसार जतापट्टिको मत बढी देखिन्छ तदनुसार निर्णय सुनाउने र

(घ) खण्ड (ग) बमोजिम सुनाइएको निर्णयमा बैठकमा उपस्थित सदस्यको कम्तीमा तीस प्रतिशतले असहमति जनाएको खण्डमा प्रस्तावको पक्षमा हुने सदस्य, विपक्षमा हुने सदस्य र तटस्थ बस्ने सदस्यलाई बैठक कक्ष वा स्थलको तोकिएको स्थानमा विभाजनको आदेश दिइ उपस्थित

सदस्यहरूको नामावलीसहितको कागतमा सहीछाप गर्न लगाएर गनिएको सहीछापअनुसार निर्णय सुनाउने।

(२) उपदफा (१) को खण्ड (क) बमोजिम निर्णयार्थ पेश भएको प्रस्तावमा "हुन्न" भन्ने आवाज नसुनिएकोमा अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावको पक्षमा सर्वसम्मत निर्णय भएको मानी घोषणा गर्नुपर्नेछ।

(३) बैठकमा उपस्थित भएको कुनै सदस्य उपदफा (१) बमोजिम निर्णयार्थ प्रस्ताव पेश गर्दाका बखत अनुपस्थित रहेमा निजलाई पेश गरिएको प्रस्तावमा तटस्थ रहेको मान्नुपर्नेछ।

तर त्यसरी अनुपस्थित रहेको सदस्यका कारण बैठकको गणपूरक संख्या नपुग्ने रहेछ भने गणपूरक संख्या नपुगेसम्म बैठकको कारवाही अघि बढाउनु हुँदैन।

(४) अध्यक्षता गर्ने व्यक्तिले उपदफा (१) को खण्ड (ख), (ग) वा (घ) बमोजिम मत सङ्ख्याको गणना गर्दा संस्थाको कर्मचारीको सहयोग लिन सक्नेछ।

२२. **नयाँ प्रस्ताव पेश गर्नमा प्रतिबन्धः-** कार्यसूचीमा समावेश गरिएको विषयबाहेक बैठकमा कुनै नयाँ प्रस्ताव पेश गर्न पाइने छैन।

२३. **सञ्चालकलाई पदबाट हटाउने वा समिति विघटन गर्ने प्रस्ताव पेश गर्न सक्नेः-** (१) अध्यक्षता गर्ने व्यक्तिको अनुमति लिई प्रस्तुतकर्ता सदस्यले ऐनको दफा ३४ को उपदफा (१) बमोजिम सञ्चालकलाई हटाउने वा ऐनको दफा ३६ को उपदफा (१) बमोजिम समिति विघटन गर्ने प्रस्ताव देहाय बमोजिम बैठकमा पेश गर्न सक्नेछः-

(क) साधारण सभाबाट गठन गरिएको कुनै समिति वा उपसमितिले ऐनको दफा ३४ को उपदफा (१) वा ऐनको दफा ३६ को उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) को अवस्था विद्यमान रहेको देखिएको व्यहोराको आफ्नो प्रतिवेदनको आधारमा त्यस्तो समिति वा उपसमितिको तर्फबाट संयोजक वा सदस्यले दफा ४ को उपदफा (२) को खण्ड (ङ) को उपखण्ड (१) को कार्यसूचीको शीर्षकअन्तर्गत र

(ख) कुनै सदस्यले ऐनको दफा ३४ को उपदफा (१) वा ऐनको दफा ३६ को उपदफा (१) को खण्ड (क), (ख), (ग) वा (घ) को अवस्था विद्यमान रहेको छ भन्ने आधारसमेत खुलाएर दफा ४ को उपदफा (२) को खण्ड (ङ) को उपखण्ड (१) को कार्यसूचीको शीर्षकअन्तर्गत ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा संस्थाको विनियममा निर्धारित प्रस्तावक वा समर्थकको न्यूनतम सङ्ख्यालगायतका सर्त तथा प्रक्रिया पूरा गरिएको हुनुपर्नेछ।

तर संस्थाको विनियममा प्रस्तावक वा समर्थकको कुनै सङ्ख्या निर्धारण नगरिएको भए त्यस्तो प्रस्तावमा कम्तीमा दुई जना सदस्य प्रस्तावक र पाँच जना वा सहकारी संस्थाको जम्मा सदस्य सङ्ख्याको पाँच प्रतिशत सदस्यमा जुन बढी हुन्छ सो बराबरका सदस्य समर्थक हुनुपर्नेछ।

२४. **अर्को अध्यक्षता गर्ने व्यक्ति छनौट गर्नुपर्नेः-** (१) दफा १३ को उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २३ बमोजिम अध्यक्ष, समितिको उपाध्यक्ष वा अन्य कुनै सञ्चालकले अध्यक्षता गरेको बैठकमा निजलाई हटाउने वा समिति विघटन गर्ने प्रस्ताव पेश भएकोमा अध्यक्षता गर्ने व्यक्तिले त्यस्तो प्रस्तावमा छलफल प्रारम्भ गर्नुपूर्व बैठकमा देहाय बमोजिम अर्को अध्यक्षता गर्ने व्यक्ति छनौट गर्ने प्रस्ताव राख्नुपर्नेछः-

(क) अध्यक्षता गर्ने व्यक्तिलाई हटाउने प्रस्ताव पेश भएकोमा हटाउने प्रस्ताव पेश नभएका बैठकमा उपस्थित सञ्चालकमध्ये समितिको उपाध्यक्ष र निज उपस्थित नभएमा ज्येष्ठ सञ्चालकले र

(ख) समिति विघटन गर्ने प्रस्ताव पेश भएकोमा बैठकमा उपस्थित प्रस्तुतकर्ता सदस्य वा कुनै पदमा रहेका सदस्यबाहेकका सदस्यमध्ये ज्येष्ठ सदस्यले।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिमको कुनै सदस्यले बैठकको अध्यक्षता गर्न इन्कार गरेमा त्यसपछिको क्रमानुसारको ज्येष्ठ सदस्यलाई अध्यक्षता गर्ने व्यक्ति छनौट गर्ने प्रस्ताव राख्नुपर्नेछ।

२५. **पेश भएको प्रस्तावमा छलफल र निर्णयः-** दफा २३ बमोजिम पेश गरिएको प्रस्तावका सम्बन्धमा अध्यक्षता गर्ने व्यक्तिले देहाय बमोजिम छलफल र निर्णय गर्ने व्यवस्था मिलाउनुपर्नेछः-

(क) प्रस्तुतकर्ता सदस्यलाई निजले पेश गरेको प्रस्ताव पेश गर्न समय दिने,

(ख) खण्ड (क) बमोजिम प्रस्तुतकर्ता सदस्यले सञ्चालकलाई हटाउने प्रस्ताव पेश गरेकोमा हटाउने प्रस्ताव गरिएको सञ्चालकलाई ऐनको दफा ३४ को उपदफा (२) बमोजिम सफाई पेश गर्न मौका दिने,

(ग) समिति विघटन गर्ने प्रस्तावको हकमा खण्ड (क) बमोजिम प्रस्तुतकर्ता सदस्यले प्रस्ताव पेश गरेपछि बैठकमा उपस्थित अध्यक्ष, उपाध्यक्ष वा अन्य कुनै सञ्चालकले समितिको तर्फबाट आफ्नो विशेष भनाइ राख्न चाहेमा समय उपलब्ध गराउने,

(घ) खण्ड (ख) बमोजिम हटाउने प्रस्ताव गरिएको सञ्चालक बैठकमा उपस्थित नभए निजलाई बैठक स्थलमा आउन लाग्ने समयसमेतको विचार गरी मनासिव माफिकको समय तोकी ऐनको दफा ३४ को उपदफा (२) बमोजिम सफाइ पेश गर्ने विषयको सूचना बैठक स्थलको बाहिर कम्तीमा पाँच जना सदस्यको रोहबरमा टाँस गर्ने तथा सम्पर्क भएसम्म टेलिफोनबाट समेत निजलाई सोको जानकारी गराउने,

(ङ) सञ्चालकलाई हटाउने प्रस्तावमा हटाउने प्रस्ताव गरिएको सञ्चालकले खण्ड (ख) बमोजिम आफ्नो सफाइ पेश गरेपछि वा खण्ड (घ) बमोजिम दिइएको अवधिभित्र सफाइ पेश नगरेमा र समिति विघटन गर्ने प्रस्तावमा खण्ड (ग) बमोजिम विशेष भनाइ राख्न चाहेको अध्यक्ष, उपाध्यक्ष वा अन्य सञ्चालकले त्यस्तो भनाइ राखेपछि इच्छुक सदस्यहरूलाई प्रस्तावका सम्बन्धमा आफ्नो राय राख्न पालैपालो समय प्रदान गर्ने,

(च) खण्ड (ङ) बमोजिम सदस्यहरूले बोल्ने क्रम सकिएपछि प्रस्तुतकर्ता सदस्यलाई प्रस्ताव फिर्ता लिन समय दिने र

(छ) खण्ड (च) बमोजिम फिर्ता नलिइएको प्रस्ताव निर्णयार्थ पेश गर्ने ।

२६. **विरोध वा संशोधनको प्रस्ताव पेश गर्न नसकिनेः-** यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि दफा २० बमोजिम पेश गरिएको प्रस्तावको साथै दफा २३ बमोजिम पेश गरिएको प्रस्तावको हकमा विरोध वा संशोधनको प्रस्ताव पेश गर्न सकिने छैन।

२७. **अध्यक्षतासम्बन्धी विशेष व्यवस्थाः-** (१) दफा २५ को खण्ड (छ) बमोजिम सञ्चालकलाई हटाउने वा समिति **विघटन** गर्ने प्रस्ताव पारित भएको खण्डमा बैठकको बाँकी कारबाई दफा २४ बमोजिम छनौट गरिएको व्यक्तिको अध्यक्षतामा सम्पन्न गर्नुपर्नेछ।

२८. **नियमनकारी निर्देशनको जानकारी गराउनुपर्नेः-** (१) अध्यक्षता गर्ने व्यक्तिले साधारण सभाको बैठकमा कार्यसूचीको यथाक्रममा सहकारी संस्थालाई प्राप्त नियमनकारी निर्देशनबारे जानकारी गराउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउँदा नियमनकारी निर्देशन प्राप्त भएपछि सोको कार्यान्वयनमा भए, गरेको प्रगतिसमेत खुलाउनुपर्नेछ।

(३) उपदफा (२) बमोजिम सहकारी संस्थाका तर्फबाट नियमनकारी निर्देशनको कार्यान्वयनका सिलसिलामा भएका कार्यहरूमा प्रश्न राख्न वा सुझाव दिन सदस्यहरूलाई समय दिनुपर्नेछ।

## परिच्छेद-४
## प्रमाणीकरण

२९. **बैठकको अभिलेखः-** (१) साधारण सभाको बैठकमा भएको कारवाहीको अभिलेख छुट्टै किताबमा राख्नु पर्नेछ।

३०. **निर्णय प्रमाणित गर्नेः-** (१) साधारण सभाको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकले पदाधिकारी नरहेका उपस्थित सदस्यहरू मध्येबाट चुनेका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्नेछ।

३१. **प्रतिनिधिहरूको चयनः-** (१) दफा ३० को उपदफा (१) बमोजिम साधारण सभाको बैठकको निर्णय प्रमाणित गर्न बैठकको नियमित कार्यसूचीको अन्त्यमा अध्यक्षता गर्ने व्यक्तिले जुनसुकै इच्छुक सदस्यलाई नाम प्रस्ताव गर्न आह्वान गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम अध्यक्षता गर्ने व्यक्तिले आह्वान गरेपछि कुनै सदस्यले आफू वा आफ्नो नजिकको नातेदारबाहेकका सदस्यहरू मध्येबाट समावेशी हुने गरी नाम प्रस्ताव गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम एकै जना सदस्यबाट नाम प्रस्ताव भएकोमा अध्यक्षता गर्ने व्यक्तिले त्यस्तो प्रस्तावलाई निर्णयार्थ पेश गर्नुपर्नेछ।

(४) उपदफा (२) बमोजिम एक जनाभन्दा बढी सदस्यबाट नाम प्रस्ताव भएकोमा अध्यक्षता गर्ने व्यक्तिले समान नामहरू कायम राखी बाँकी नाममा आपसी परामर्शबाट सहमति जुटाउन नाम प्रस्ताव गर्ने सदस्यहरूलाई आवश्यक समय दिनुपर्नेछ।

(५) अध्यक्षता गर्ने व्यक्तिले उपदफा (४) बमोजिम नाम प्रस्ताव गर्ने सदस्यहरूको तर्फबाट साझा नामावली प्राप्त भएकोमा तदनुसार नै र नभएकोमा प्रस्तावमा परेको सबै नामबाट सुरु गरी क्रमशः एकभन्दा बढी सदस्यको प्रस्तावमा परेको नामसम्म र त्यसपछि पहिलो, दोस्रो, तेस्रो गरी नाम प्रस्ताव गरेको सदस्यको क्रममा निजहरूको नामावलीका बाँकी नामहरू एक-एक गर्दै बैठकको निर्णयार्थ पेश गर्नुपर्नेछ।

(६) उपदफा (५) बमोजिम आवश्यक सङ्ख्यामा बैठकबाट नाम स्वीकृत भएपछि अध्यक्षता गर्ने व्यक्तिले प्रक्रिया पूरा भएको घोषणा गर्नुपर्नेछ।

३२. **निर्वाचनको निर्णय प्रमाणीकरणः-** दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि साधारण **सभाबाट** भएको निर्वाचनको निर्णय दफा ५ को उपदफा (१) वा दफा १२ को उपदफा (२)

बमोजिमको निर्वाचन उपसमितिले निर्वाचन भएको पदअनुसारको मतगणनाको विवरणसमेत परिणाम घोषणा गर्ने प्रयोजनार्थ गरेको निर्णयानुसार साधारण सभाले प्रमाणित गर्नेछ।

३३. **सपथ ग्रहणः-** (१) दफा ३२ बमोजिम निर्वाचनको निर्णय प्रमाणित भएपछि निर्वाचित **पदाधिकारीहरूलाई** संस्थाको विनियमबमोजिम साधारण सभासमक्ष निर्वाचन उपसमितिको संयोजकले सपथ ग्रहण गराउनेछ।

## परिच्छेद-५
## विनियम संशोधन

३४. **विनियम संशोधनको निर्णयः-** (१) नियमावलीको नियम १४ र यस निर्देशिकाको व्यवस्थाबमोजिम संस्थाको कार्यक्षेत्रको एकाइ विभाजन, साधारण सभाको एकाइ बैठक आयोजना, निर्णय प्रमाणीकरणका लागि एकाइगत प्रतिनिधित्व संरचनालगायतका व्यवस्था पहिलोपल्ट समावेश गर्ने गरी संस्थाको विनियम संशोधनको निर्णय गर्दा मौजुदा विनियमको व्यवस्थाअनुसार नै साधारण सभा बोलाउनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम बसेको साधारण सभाको बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्ति, उपस्थित सञ्चालकहरूका साथै समितिको कुल सदस्य सङ्ख्याभन्दा कम्तीमा एक जना बढी हुने गरी बैठकमा उपस्थित साधारण सदस्यहरू मध्येबाट चुनिएका सदस्यहरूले प्रत्येक पानामा सहीछाप गरी प्रमाणित गर्नुपर्नेछ।

३५. **विनियम संशोधनको निवेदनः-** संस्थाले दफा ३४ बमोजिम बसेको साधारण सभाबाट संशोधन भएको विनियममा ऐनको दफा १९ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि दर्ता गर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्नेछः-

(क) साधारण सभाको निर्णयको प्रतिलिपि,

(ख) विनियम संशोधनको मसौदाको दुई प्रति र

(ग) अनुसूची २ को ढाँचामा तीन महले फारामको दुई प्रति ।

३६. **विनियम संशोधनको स्वीकृतिः-** (१) दर्ता गर्ने अधिकारीले दफा ३४ बमोजिम प्राप्त भएको निवेदन तथा सोसाथ संलग्न कागजातको जाँच गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा सहकारी मूल्य, मान्यता र सिद्धान्तका साथै ऐन तथा नियमावली अनुरूप भएको पाइएमा संशोधन भइ आएको विनियम स्वीकृत गरी एक प्रति नियामक निकायमा राखी एक प्रति सम्बन्धित संस्थामा पठाउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा सहकारी मूल्य, मान्यता र सिद्धान्तका साथै ऐन तथा नियमावली अनुरूप भएको नपाइएमा सोही व्यहोरा जनाई पुनः पेश गर्न संशोधन भइ आएको विनियम सम्बन्धित संस्थामा फिर्ता पठाउनुपर्नेछ।

३७. **साविक बमोजिमको बैठक बस्न नहुनेः-** दफा ३४ बमोजिम साधारण सभाको बैठकबाट विनियम संशोधनको निर्णय भएपछि दर्ता गर्ने अधिकारीबाट संशोधन भएको विनियम स्वीकृत भई स्वीकृत विनियम बमोजिमबाहेक साबिक बमोजिम गरी साधारण सभाको बैठक बस्नु हुँदैन।

तर त्यसरी बोलाइएको साधारण सभाको बैठकको गणपूरक सङ्ख्या नपुगेको कारण वा दफा ३६ को उपदफा (३) बमोजिम दर्ता गर्ने अधिकारीबाट फिर्ता प्राप्त हुन आएको संशोधित विनियममा पुनर्विचार गर्न पुनः अर्को मितिमा त्यस्तो बैठक बोलाउन बाधा पुर्याएको मानिने छैन।

३८. **अन्य निर्णय गर्न नहुनेः-** दफा ३४ बमोजिमको साधारण सभाको बैठकले सोही दफा बमोजिम विनियम संशोधनको प्रस्तावबाहेक अन्य कुनै पनि प्रस्तावमा विचार गर्न वा तत्सम्बन्धमा कुनै निर्णय गर्न सक्ने छैन।

३९. **सैद्धान्तिक स्वीकृतिका लागि निवेदन दिनुपर्नेः-** (१) संस्थाले समितिको निर्णयानुसार दफा ३४ बमोजिम साधारण सभामा पेश गरिने विनियम संशोधनको मसौदामा नियामक निकायको सैद्धान्तिक स्वीकृतिका लागि निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदनसाथ देहायका कागजात संलग्न गर्नुपर्दछः-

(क) समितिको निर्णयको प्रतिलिपि र

(ख) अनुसूची-३ को ढाँचामा तीन महले फारामको दुई प्रति।

४०. **सैद्धान्तिक स्वीकृति दिनेः-** (१) नियामक निकायले दफा ३९ बमोजिम निवेदन प्राप्त भएको तीन दिनभित्र निवेदन तथा सोसाथ संलग्न कागजातको जाँच गरी सहकारी मूल्य, मान्यता र सिद्धान्तका साथै ऐन तथा नियमावली अनुरूप भएको पाइएका संस्थालाई विनियम संशोधनको सैद्धान्तिक स्वीकृति प्रदान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृति प्रदान गर्दा नियामक निकायले संस्थाबाट प्राप्त भएको विनियम संशोधन प्रस्तावको कुनै व्यवस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त वा ऐन तथा नियमावली बमोजिम नभएमा त्यसमा सच्याउनुपर्ने कुरासमेत जनाउनुपर्नेछ।

४१. **संशोधन स्वीकृतिको बाध्यता नरहने:-** दफा ३४ बमोजिम साधारण सभाबाट संशोधन भइ आएको संस्थाको विनियमको कुनै कुरा सहकारी मूल्य, मान्यता र सिद्धान्त वा ऐन तथा नियमावली विपरीत भएको तथ्य जुनसुकै कारणले पछि खुल्न आएकोमा नियामक निकायले दफा ४० बमोजिम सैद्धान्तिक स्वीकृति दिएकै आधारमा संशोधित विनियम स्वीकृत गर्न बाध्य हुने छैन।

## परिच्छेद-६
## विविध

४२. **बाधा, अड्काउ फुकाउन सक्ने:-** यो निर्देशिकाको कार्यान्वयनका सिलसिलामा कुनै बाधा, अड्काउ परेमा नियामक निकायले फुकाइदिन सक्नेछ ।

४३. **व्याख्या गर्ने अधिकार:-** यो निर्देशिकाको व्याख्या गर्ने अधिकार नियामक निकायमा रहनेछ ।

### अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

### सहकारी संस्थाको निर्वाचन कार्यक्रमको ढाँचा

| क्र.स. | कार्य | मिति | समय | कैफियत |
|---|---|---|---|---|
| | खण्ड "क" | | | |
| १ | मतदाता नामावली प्रकाशन | | | |
| २ | मतदाता नामावलीउपर दाबी-विरोध | | | |
| ३ | दाबी-विरोधको छानबिन | | | |
| ४ | अन्तिम मतदाता नामावली प्रकाशन | | | |
| ५ | उम्मेदवारको दरखास्त दर्ता | | | |
| ६ | दरखास्तको छानबिन | | | |
| ७ | उम्मेदवारी सूची प्रकाशन | | | |
| ८ | उम्मेदवारी सूचीउपरको दाबी-विरोध | | | |
| ९ | दाबी-विरोधको छानबिन | | | |
| १० | अन्तिम उम्मेदवारी सूची प्रकाशन | | | |
| ११ | प्रचार-प्रसार अवधि | | | |
| | खण्ड "ख" | | | |
| १२ | निर्वाचन उपसमितिका तर्फबाट मतदान प्रक्रियाको जानकारी | | | |

| | | | | |
|---|---|---|---|---|
| १३ | मतदान | | | |
| **खण्ड "ग"** | | | | |
| १४ | सहकारी संस्थाको कार्यालय रहेको वा पूर्वनिर्धारित अन्य सुरक्षित स्थानमा मतपेटिका सङ्कलन र सङ्ग्रह | | | |
| १५ | मतगणना | | | |
| १६ | निर्वाचन उपसमितिको बैठक र निर्वाचन परिणामको घोषणा | | | |
| १७ | निर्वाचित सदस्यलाई सपथ ग्रहण तथा प्रमाण-पत्र हस्तान्तरण | | | |

## अनुसूची-२

(दफा ३५ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित)

**विनियम संशोधनका लागि संस्थाले पेश गर्ने तीन महले फारामको ढाँचा**

| विनियममा साविकको दफा, उपदफा, खण्ड आदि र प्रावधान | प्रस्तावित संशोधनको व्यहोरा (दफा, उपदफा, खण्ड आदिमा हुने परिवर्तनसमेत) | संशोधन गर्नुपर्नाको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

अनुसूची ३

(दफा ३९ को उपदफा (२) को खण्ड (ख) सँग सम्बन्धित)

**विनियम संशोधनको मसौदामा विभागको सैद्धान्तिक स्वीकृतिका लागि संस्थाले पेश गर्ने तीन महले फारामको ढाँचा**

| विनियममा साबिकको दफा, उपदफा, खण्ड आदि र प्रावधान | साधारण सभामा पेश गर्न सैद्धान्तिक स्वीकृति मागिएको संशोधनको बेहोरा (दफा, उपदफा, खण्ड आदिमा हुने परिवर्तनसमेत) | संशोधन प्रस्ताव गर्नुपर्नाको कारण |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |